# मानुषी कविताको लैङ्गिक अध्ययन

**कल्पना लुइटेल, पिएच.डी**
Associate Professor of Nepali, Saraswati Multiple Campus, Tribhuvan University
email : luitelkl@gmail.com

**लेखसार**
*प्रगतिवादी साहित्यकार पारिजातद्वारा रचित मानुषी कविता मूलतः लैङ्गिक समानताका दृष्टिले नारीवादी मान्यतामा रचना भएको पाइन्छ । प्रस्तुत मानुषी कवितामा नेपाली समाजमा विद्यमान लैङ्गिक भेदभाव र शोषण रहेको तथा पुरुषले महिलालाई कोसौं पछाडि पारेको तथ्य विभिन्न उदाहरणका साथ प्रस्तुत गरिएको छ । प्रस्तुत कवितामा लैङ्गिक शोषण र भेदभावको अन्त्य गरी समानतामूलक उन्नत समाज निर्माण गर्नुपर्ने उद्देश्य राखेको पाइन्छ । सभ्यताको प्रारम्भमा नारी शक्तिशाली थिए । तापनि पुरुषलाई नारीले अवसर दिएर अगाडि बढाएको दृष्टान्त दिँदै अहिले नेपाली नारीको अवस्था धेरै पछाडि रहेको देखाउन पारिजात सफल भएकी छन् । जबसम्म नारी र पुरुष दुवै समान र बराबरीको हैसियतमा आउँदैनन्, तबसम्म समाज, देश सम्पन्न बन्न सक्दैन भन्ने मान्यता कवितामा अभिव्यक्त भएको छ । मानुषी कवितामा हाम्रो समाजका नारीहरूको अवस्था ज्यादै दयनीय भएको हुँदा नारीलाई तिमीहरू प्राकृतिक रूपमा समान हौ; यहाँको समाजव्यवस्थाले, राज्यव्यवस्थाले अनेकन् जालझेल, षडयन्त्र गरेर पछि पारेको हो । त्यसैले अब नारी आफ्नो अधिकार लिन अगाडि बढ्नुपर्ने कुरा सचेत गराउने सन्दर्भ कविताभर व्यक्त भएको छ । सृष्टिको प्रारम्भमा नारीप्रधान रहेको समाज वर्तमान्मा पुरुषप्रधानमा रूपान्तरण हुन पुगेको देखाउँदै अब समान भएर एकसाथ हिड्नुपर्ने कविताको उद्देश्य बनेको छ । समीक्षामा विवेच्य पक्षको पहिचान गर्न पुस्तकालयीय विधि प्रयोग गरिएको छ । प्रस्तुत कवितामा नारी अस्तित्वको समस्या प्रस्तुत भएको छ । विवेच्य कवितामा नारी र पुरुष एक-अर्कोको हात समाइ बराबरीको अवस्थामा बाँच्न चाहन्छन् भन्ने प्रगतिवादी विचार प्रकट भएको छ । प्रगतिवादी तथा समानतामूलक दृष्टिमा रचना भएको यस कवितामा नारीमा अधिकार प्राप्तिको चेतना उजागर भएको तथ्य पहिल्याउनु नै लेखको अभीष्ट हो ।*

**शब्दकुञ्जी** : लैङ्गिक अध्ययन, पुरुष महिला समभाव, लैङ्गिक संचेतना, वर्चस्वशाली, अभीष्ट, अग्रगामी ।

## समस्याकथन
मानुषी (२००८) कवितामा लैङ्गिक विभेद के कस्तो रूपमा प्रस्तुत भएको छ ? सो अध्ययन गर्नु यस अध्ययनको समस्या हो ।

## उद्देश्यकथन
नेपाली प्रगतिवादी साहित्यकार पारिजातको 'मानुषी' कवितामा लैङ्गिक अवधारणा के कस्तो रहेको छ ? सो अध्ययन गर्नु यसको उद्देश्य हो ।

## अध्ययनविधि
प्रस्तुत अध्ययनमा पारिजातको 'मानुषी' कवितालाई आधार सामग्री बनाइएको छ । उक्त शीर्षकसँग सम्बन्धित लेख, पुस्तक आदिको अध्ययनबाट प्राप्त सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत सामग्री मूलतः पुस्तकालयीय अध्ययन कार्यबाट सम्पन्न गरिएको छ ।

## सैद्धान्तिक आधार
लिङ्ग सामाजिक, सांस्कृतिक र आर्थिक विशेषता जनाउँने शब्द हो । लिङ्गको आधारमा गरिने नारी र पुरुषको भूमिकालाई लैङ्गिक भूमिका भनिन्छ (चौंलागाई र अन्य, २०६०, पृ. १-२) । "लैङ्गिक अध्ययन लिङ्गभन्दा विपरीत विषय

हो । लिङ्गले जैविकताको अध्ययन गर्छ भने लैङ्गिकताले नारीत्व र पुरुषत्वको सांस्कतिक अध्ययन गर्दछ" (भट्टराई, २०७८, पृ. ११९) । नारीवाद पुरुष विरोधी नभई पुरुष समान अवसर, अधिकार र शक्तिको चाहना गर्दछ । यो उत्तर आधुनिक साहित्यमा जन्मिन पुगेका विभिन्न वादअर्न्तगत एक प्रमुख र सशक्त साहित्यिक वादका रूपमा अगाडि बढेको देखिन्छ । यस वादले नारीलाई केन्द्रीयतामा राखेर नारी हितका पक्षमा वकालत गर्दछ । पुरुष सत्ताको अन्यायी स्वरुपप्रति विरोध गरेर अगाडि बढेको यस मान्यताले लैङ्गिक रूपमा विद्यमान् विभेदको आलोचना गर्दछ र समानतामूलक समाजको उद्देश्य लिएको पाइन्छ । यहाँ नेपाली समाजमा विद्यमान् लैङ्गिक विभेदको चर्चा गरिने छ । यस अध्ययनमा नारी र पुरुष कुन विभेदकारी अवस्थामा बाँचेका छन ? नारी र पुरुषको लैङ्गिक सन्दर्भ, लैङ्गिक सम्बन्ध, लैङ्गिक भूमिका, वर्गीय सम्बन्ध, पुरुष महिला समभाव, लैङ्गिक हिंसा र आपराधीकरण, लैङ्गिक संचेतना, चरित्रहरूको लिङ्गीय आधार, लिङ्गीय दृष्टिकोण, लिङ्गसम्बन्धी लेखकीय दृष्टिकोणका आधारमा अध्ययन गरिने छ ।

### मानुषी कविताको लैङ्गिक सन्दर्भ

प्रगतिवादी साहित्यकार पारिजातद्वारा लेखिएको मानुषी कवितामा लैङ्गिक सन्दर्भ शक्तिशाली रूपमा प्रस्तुत भएको छ । यस कविताको शीर्षक 'मानुषी' नारीपरक रहेको छ । मानुषी नारी सत्ताको सम्बोधन हो । नारी-पुरुष दुई लैङ्गिक सत्ताको वास्तविकता देखाउन यो कविता रचना गरेको देखिन्छ । नारी सत्ताको पक्षधरता कविताको केन्द्र बनेको छ (शर्मा, २०६२, पृ. ११८) । समालोचक सुधा त्रिपाठीका विचारमा नारी पक्ष र पुरुष प्रतिपक्ष अर्थात् नकरात्मक भूमिकामा उपस्थित भएका छन् (त्रिपाठी, २०७०, पृ. ९३) । आजको पुरुषप्रधान नेपाली समाजमा पुरुषको स्थान उपल्लो अवस्थामा शासकीय अहंको भूमिका रहेको छ । साथै आम नेपाली महिलाको भूमिका शोषित, उत्पीडित, दमित र दानमा जाने वस्तुका रूपमा रहेको यथार्थको पुष्टि गरिएको छ । मार्क्सवादी चिन्तन र चेतनाबाट अभिप्रेरित भएर प्रस्तुत कविता रचना भएको पाइन्छ । मानव समाजको प्रारम्भमा आदिम साम्यवादी व्यवस्था थियो र त्यस समाजमा नारी सर्वोच्च स्थानमा थिए । समयको कालखण्डमा नारी पछि परेका र पछाडि पारिएका छन् भन्ने देखाउँदै यी एकअर्कोका परिपूरक नारी र पुरुष आपसमा हातेमालो गरेर हिड्नसक्नुपर्छ भन्ने लैङ्गिक समभावलाई प्रधानता दिएर यो कविता रचना भएको देखिन्छ । हाम्रो नेपाली समाजमा आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा नारीलाई पछाडि पारिएको छ भन्ने दृष्टान्तलाई यहाँ पुष्टि गरिएको छ । स्वास्नी मानिस केही काममा र कुनै कुरामा पनि कम नभएकाले उनीहरूलाई अगाडि बढ्ने अवसर दिनुपर्ने तथा समान व्यवहार गरिनुपर्छ भन्ने नारीको भूमिकामा जोड दिइएको कवितामा लैङ्गिक सन्दर्भका नवीन पक्षहरूका आधारमा तल अध्ययन गरिने छ ।

### लैङ्गिक सम्बन्ध

प्रस्तुत 'मानुषी' कवितामा (तिमी) लोग्ने मानिस र (म) स्वास्नी मानिस प्राकृतिक रूपमा र क्षमतामा पनि समान हुँदाहुँदै नेपाली समाजले महिलालाई अन्याय गरेर पछाडि धकेलेको तथ्य प्रस्तुत गरिएको छ । प्रगतिवादी कवि पारिजातका विचारमा पुरुषले गर्नसक्ने हरेक काम स्त्रीले गर्नसक्छन् । महिलालाई यहाँको समाजले जबरजस्त अबला बनाएको हो । आजका स्त्री अवला होइनन् सबला भइसकेका छन्; जत्रोसुकै जोखिम उठाउन महिला सक्षम छन् तर यहाँको राज्यव्यवस्था र समाजव्यवस्थाले स्त्रीलाई कुनै अवसर दिएको छैन भन्ने लैङ्गिक विभेद देखाउँदै यो कविता प्रारम्भ गर्न पुगेकी छन् :

*तिमी जति गर्न सक्छौ*
*त्यति म पनि सक्छु*
*तिमी जतिकै पाखुरी बजार्न सक्छु*
*पसीना बगाउन सक्छु*
*तिम्रा सबै अनुभूतिहरू*
*मेरा पनि अनुभूति*
*तर इतिहासले आज*

*कहाँ ल्याएर पछार्‍यो कुन्नि मलाई*
*तिमी त मभन्दा कोसौँ अघि गइसकेछौ (पृ. १२७) ।*

माथिको यस भनाइमा क्षमताका दृष्टिले नारी र पुरुष समान छन् तर नारीलाई पछाडि पारिएको छ । महिलालाई यहाँको समाज व्यवस्थाले मान्छेका रूपमा समेत बाँच्न दिएको छैन । महिलाले केही गर्न सक्दैनन्, यी दयाका पात्र हुन् भनी चित्रण गरिन्छ । प्रस्तुत कवितामा लोग्ने मान्छेले गर्ने हरेक काम स्वास्नी मान्छेले गर्नसक्छन् तर गर्ने अवसर पाएका छैनन् भन्ने भाव प्रकट भएको छ । यहाँ पुरुष र महिला एक-अर्कोका परिपूरक हुन् र यी एक-अर्कोबिना मानिसको अस्तित्व नहुने हुँदा मिलेर अगाडि बढ्नुपर्ने सन्देंश दिइएको छ ।

नर र नारी एकअर्कोका परिपूरक भए पनि पुरुष नारीमाथि हैकम जमाउने, नारीलाई शोषण, बलात्कार गर्ने र आफ्नो निजी सम्पत्ति सम्झिने अवस्थामा पुगेको यथार्थ भाव यहाँ प्रकट भएको छ । महिलाले बेचिनुपर्ने, सबै अन्याय अत्याचार सहेर बाँच्नुपर्ने र पुरुषको खुसीका लागि जस्तोसुकै अवस्था भोग्नुपर्ने महिलाहरूको नियति भएको उल्लेख छ । अब नर र नारी समान हुनुपर्छ र समानरूपमा जिउनुपर्छ भन्ने सन्देंश दिन यो कविता रचना गरेको देखिन्छ ।

प्रस्तुत कवितामा आदिम युगमा लोग्नेमान्छे झगडालु वनमान्छेको स्वभाव भएको तथा महिलाको खटनपटनमा बाँचेको थियो । सम्पूर्ण अधिकार महिलामा केन्द्रित थियो । यति कमजोर पुरुषलाई माया र सहअस्तित्वको न्यानो अँगालामो बेरेर वर्चस्वशाली अवस्थामा स्वयम् महिलाले पुर्‍याएका हुन् भन्ने विचार यहाँ प्रकट भएको पाइन्छ । त्यसको बदलामा धर्म र संस्कृतिका नाउँमा महिलालाई पशुकोजस्तै व्यवहार गरिन्छ । विवाहका नाउँमा जबरजस्ती घुम्टोले छोपेर अर्काको घरमा पठाइन्छ । अर्काको घर रिझाउन तालिम दिइन्छ । मारे पाप र पाले पुन्य भन्दै कन्यादान दिइन्छ । महिलाले आफ्नो चाहना बमोजिम केही गर्न पाउँदैनन् भन्ने यथार्थ पक्षको उद्घाटन गर्दै पुरुषलाई आदिकालमा दिएको ममताको स्मरण गराइएको छ ।

अहिलेको राज्ययन्त्र विभेदकारी रहेका कारण महिला पछाडि पारिएका हुन् भन्ने भाव अर्न्तयमा लुकेको देखिन्छ । घुमन्ते अवस्थामा बाँचेका पुरुषलाई महिलाले ममता दिएर अगाडि बढाउँदै लैजाँदा बैगुनी र एकलकाँटे बन्न पुगेको पुरुषले महिलाको शोषण गरेको आरोप लगाइएको छ । अझ राणाकालीन व्यवस्थामा महिलालाई दासी र भोग्याका रूपमा लिन थालियो । महिलालाई नामर्द र पुरुषलाई मर्द ठान्दै मर्दका कति कति श्रीमती भनेर विवाह गर्न थालियो । मर्न लागेको बुढोले समेत रोहिणी र गौरी विवाह गर्ने र मरेपछि लाससँगै चित्तामा जिउँदै जलाउने गर्न थालियो । धर्मका नाउँमा पुराणका अनेकौँ प्रपञ्च अघि सारियो र सात वर्षकी गोमालाई सत्तरी वर्षका सदाशिव शर्माले गरेको विवाह उपयुक्त भएको पुष्टि गर्दै समाजमा महिला हिंसाका घटनालाई प्रश्चय दिन थालियो । महिलाले मान्छेले पाउने कुनै अधिकार पाउन सकेनन् । उनीहरू पुरुषका लागि जन्मेका हुन् र पुरुषकै भोग्या भएर बाँच्नुपर्ने नियतिमा बाँचेको यथार्थ पक्षको यहाँ उद्घाटन भएको छ । नारीलाई, पशुलाई र नोकरलाई कुटेर नै तह लगाउनुपर्छ भन्ने चिन्तन सशक्त रूपमा देखिन थाले । पुँजीवादी सामन्ती व्यवस्थामा नारीहरूको अवस्था दयनीय हुने हुँदा समानतामूलक समाज निर्माणका लागि समाजवादी व्यवस्था ल्याउनुपर्ने कविको अन्तर्य देखिन्छ । पुँजीवादी व्यवस्था कायमै रहेकाले लैङ्गीय विभेद यथावत् रहेका तथ्य देखाइएको छ । कवितामा पुरुषसत्ता र लिङ्गीय सम्बन्धले लिङ्गभेदको विभेदकारी सामाजिक व्यवस्थालाई स्पष्ट पारेको छ ।

**लैङ्गिक भूमिका**

मानुषी कविता नारी समस्यामा केन्द्रित भएर नारी अधिकारका पक्षमा वकालत गरेर लेखिएको देखिन्छ । यस कवितामा नारीलाई मान्छेका रूपमा नहेर्ने नेपाली समाजप्रति व्यङ्ग्य गर्दै नारी स्वतन्त्र अस्तित्व भएकी मान्छे हो र मान्छे भएर बाँच्न पाउनुपर्छ भन्ने विचार प्रकट भएको छ । यहाँ व्यक्त भएको लैङ्गिक भूमिका परम्परावादी र विभेदकारी देखिन्छ । वर्तमानको पुरुषप्रधान नेपाली समाजमा पुरुष उपल्लो दर्जामा र महिलाको अवस्था अत्यन्तै कमजोर र दयनीय छ ।

सामाजिक तथा सांस्कृतिक रूपमा महिलाको दानमा जाने र पुरुष दान लिने वस्तुसरह छन् भन्ने पुष्टि पुष्टि गरिएको छ । यस कवितामा वर्तमानको नेपाली समाजमा सम्पूर्ण अधिकार पुरुषमा निहित भएको हुँदा महिलाहरू कोसौं पछाडि परेर अपहेलित अवस्थामा बाँचेका यथार्थको प्रकटीकरण भएको छ । प्रस्तुत कवितामा महिलाहरू तिरष्कृत, बलात्कृत, शोषित र पीडित भएको ठहर छ ।

यहाँ कविले नर र नारी छुट्टै भए पनि यी एक-अर्कोविना बाँच्न नसक्ने प्राणी हुन् भनेकी छन् । यस कवितामा महिलाहरूका विशेष अवस्था उल्लेख गर्दै पुरुषभन्दा महिला विशिष्ट क्षमताका हुँदाहुँदै यहाँको सामाजिक तथा राजनैतिक व्यवस्थाले पछि पारेको आरोप लगाइएको छ । महिलाले रजस्वलाको र गर्भाशयको अति कष्टमय र विशिष्ट परिस्थिति भोग्नुपर्ने र पुरुषले यिनै अवस्थालाई महिलाको कमजोरी मानिआएको आरोप लगाइएको छ ।

*तिमी र म एउटै होइनौं*
*एकअर्काका पूरक मात्र हौं*
*त्यसैले तिमी मेरा थुप्रै अनुभूतिहरूका भागिदार हुनसक्दैनौ*
*तिमीलाई त यसो कहिल्यै भएन*
*तिमीले रजस्वलाको कष्टप्रद क्षण भोगेका छैनौ*
*तिमीलाई आफ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन*
*तिमीलाई गर्भधारणको अतिशय पटचारलाग्दो अवधि थाहा छैन*
*तिमीलाई प्रसवकालको सीमातीत कष्ट भोग्नु पर्दैन (पृ.१२७) ।*

**वर्गीय र लैङ्गिक समस्याको सहसम्बन्ध**

प्रस्तुत 'मानुषी' कवितामा अब नर र नारी हातमा हात र काँधमा काँध मिलाएर हिड्न सक्ने बराबरीको हुनुपर्छ भन्ने सहसम्बन्धको भाव प्रमुख रूपमा प्रस्तुत भएको छ । महिलाकै सहिष्णुताका कारण सभ्य र शिक्षित बन्न पुगेको पुरुष बैगुनी र एकलकाँटे बन्न पुगेको आरोप लगाइएको छ । सहनशील र मायालु नारीलाई धेरै पछाडि पारिएको, शोषित, पीडित अवस्थामा बाँच्न विवश बनाइएको सन्दर्भप्रति आक्रोश प्रकट भएको छ । नेपाली समाजमा महिलालाई विचरा कमजोर छन् भनिन्छ । माया दिएर र सभ्यता सिकाएर महिलाले सभ्य बनाएका हुन् अब पुरुषले महिलालाई त्यही गुण सम्झेर हात समाएर बराबरीको भूमिकामा ल्याउनुपर्ने कविको भनाइमा सहसम्बन्धको भाव प्रकट भएको छ। वर्तमानका नेपालका नारीहरू सम्पूर्ण (आर्थिक, सामाजिक, सांस्कृतिक तथा लैङ्गिक) दृष्टिले शोषितपीडित छन् । उनीहरूसँग कुनै अधिकार छैन् । मारे पाप र पाले पुण्य भनेर बाबुआमाले दाइजोको लावा-लश्करसहित कन्यादान दिने परम्परा अहिलेसम्म जीवित छ । विवाहलाई दुई आत्माको मिलन अर्थात् जीवन साथीका रूपमा नहेरी स्वास्नीलाई लोग्नेका दासी, वस्तुसरह दानमा जाने, बलात्कृत भएर बस्नुपर्ने र बेचिनुपर्नेजस्ता समस्यालाई यहाँ प्रकट गर्दै समानरूपमा बाँच्नका लागि आह्वान गरिएको छ । अब नारी र पुरुष एकअर्कोका परिपूरक हुन् र यी एकअर्कोबिना यिनको अस्तित्व नभएको हुँदा समान हैसियतमा बाँच्नुपर्छ भन्ने विभेदमुक्त अवस्थाको परिकल्पना गरेबाट सहसम्बन्धको भाव कवितामा व्यक्त भएको छ ।

वर्गीय समाजमा जातीय, लैङ्गिक, धार्मिक, आर्थिक अधिकार आदि सबै अधिकार एक ठाउँमा केन्द्रित हुने गर्दछ। नेपालमा यी सबै अधिकार पुरुषका हातमा छ । महिलाको हातमा आर्थिक, सामाजिक अधिकार नहुने कारणले उनीहरूमाथि लैङ्गिक दमन बढेको हो । त्यसैले नर र नारी एकआपसमा हातेमालो गरेर हिड्नुपर्छ भन्ने सन्दर्भबाट यस कवितामा वर्गीय र लैङ्गिक समस्याको सहसम्बन्ध देखाइएको छ । 'गुणले गुण खान्छ तलाई म खान्छु' भनेझैं पुरुषले महिलाई पशुजस्तै बनाएको र कोसौं पछाडि छाडेको भाव यसरी प्रकट भएको छ :

*आजको सत्तारूढ तिमी*
*शताब्दी शताब्दी अघि*
*झगडालु, ईर्ष्यालु वनमानुष तिमीलाई*

*माया र सहअस्तित्वको अँगालोमा बाँधी*
*आफ्नो ओढारको छानामुनि भित्र्याएकी थिएँ*
*जसरी आज तिमी*
*दाइजोको लावा-लश्करसँग घुम्टोभित्र लुकाई*
*पशुलाईजस्तै रुवाउँदै भित्र्याउने गर्छौ (पृ.१२८) ।*

**शोषणको पितृसत्तात्मक रूप**

प्रस्तुत कवितामा पितृसत्तात्मक शोषण नै लैङ्गिक शोषणको प्रमुख कारण हो भन्ने ठहर गरिएको छ । नेपाली समाजमा महिला अस्तित्वहीन अवस्थामा बाँचेका र दाइजोको लावालश्करसहित दानमा जाने वस्तुका रूपमा बाँचेको उल्लेख छ । उसलाई आफ्नो जीवनसाथी रोज्ने कुनै अधिकार छैन । नेपाली समाजमा बाबुआमाले लाटो, लङ्गडो, बुढो, कानो जस्तोलाई दान दिन्छन्, छोरीले त्यस्तैसँग चुपचाप जानुपर्छ । उसलाई घुम्टोले छोपेर लगिन्छ । यो सब पितृसत्ताका कारण नै हो । महिला मान्छेका रूपमा नभएर स्वास्नीमान्छेका रूपमा परिचित भएका कारण अपहेलित र अपमानित हुनुपरेको हो भनी आरोप लगाइएको छ । महिलाले बलात्कारको सिकार हुनुपर्ने, बेचिनुपर्ने यी सब पितृसत्ताको कारण हो । हाम्रो समाजमा बलात्कारी, अपराधी पुरुष खुलमखुला हिड्न पाउँछ तर बलात्कृत, शोषितपीडित नारीले समाजमा शिर ठाडो गरेर बाँच्न पाउँदिन । ऊ सधैँ तिरस्कृत र अपहेलित भएर हिँड्नुपर्छ । यो सबै पितृसत्तात्मक राज्यव्यवस्थाको कारण हो । यहाँ नारीको अस्मितालाई कर्कलाको पानीका रूपमा हेरिन्छ । सबै प्रकारका विभेद खपेर नारी बाँच्न विवश भएको उल्लेख छ । यसरी प्रस्तुत कवितामा पितृसत्तात्मक समाजमा नारीले भोग्या, दासीका रूपमा बाँच्नुपरेको हो भन्दै नारी र पुरुष समान रूपमा बाँच्न पाउनुपर्ने उद्देश्यका साथ यो कविता रचना गरिएको छ । यसैले विवेच्य कवितामा समानतामूलक समाजको निर्माण गर्ने अभीष्ट प्रकट भएको छ । महिलाले पुरुषका हर समस्याको भागिदार हुने र पुरुषले महिलाई शोषणको व्यवहार गर्ने भाव यसरी प्रकट भएको छ :

*म तिम्रो मृत देहसँग जिउँदै मर्नसक्छु*
*म तिमीहरूको सामूहिक बलात्कार खपेर बाँच्न पनि सक्छु*
*दाइजोको लावालश्करसँग घुम्टोभित्र लुकाई*
*पशुलाईजस्तै रुवाउँदै भित्र्याउने गर्छौ*
*त्यसैले तिमी विमुख न हौ*
*यति निर्दयी नबन*
*यति बैगुनी नबन (पृ.१२८) ।*

**पुरुष र महिला समभाव**

सृष्टि र समाज चल्नका लागि नर र नारी सँगसँगै एकसाथ अघि बढ्नुपर्छ । पुरुषमात्र अघि बढ्न खोजेमा समाज समुन्नत बन्न नसक्ने विचार यहाँ प्रकट भएको छ । पुरुषलाई तिमी बैगुनी नबन हिजोका दिनमा नारी शक्तिशाली हुँदा नारीले अगाडि बढाएको सम्झेर नारीलाई पछाडि नछोड्न आह्वान गरिएको छ । नर र नारी मिलेर अगाडि बढ्नुपर्छ भन्ने समभाव प्रकट भएको छ । पुरुष र महिला पृथक भए पनि एक-अर्कोका परिपुरक भएकाले यिनीहरू समान रूपमा बाँच्न पाउनुपर्छ भन्दै लैङ्गिक दृष्टिले समानतामूलक समाज निर्माण गर्न आह्वान यसरी गरिएको छ:

*आऊ आज हामी उत्पीडन साटासाट गरौँ*
*हामी मानसिकताले एकाकार हौँ*
*हामी एकअर्काबिना बाँच्नसक्ने प्राणी होइनौँ*
*म तिम्रो हात दह्रो गरी समाउँछु*
*तिमी मलाई तिमी पुगेको ठाउँसम्मै पुऱ्याऊ*

*त्यहाँ, जहाँ तिमीलाई मैले*
*सभ्यताको आदि कालमा पुऱ्याइसकेकी थिएँ (पृ.१२८)*

माथिको यस भनाइमा समाज विकासको प्रारम्भमा नारीका अधिनमा घरपरिवार चल्दथ्यो । कविले अब नारी र पुरुष दुवैसँगसँगै अगाडि बढ्नुपर्छ भन्ने समभाव प्रकट गरेकी छन् । नारीबिना पुरुष र पुरुषबिना नारी अपूर्ण हुने हुनाले यी दुवैको समान अस्तित्व छ भन्ने समभाव नै यस कविताको मूलभाव हो । जबसम्म एकले अर्कोको अस्तित्व स्वीकार गरेर अगाडि बढिदैन् तबसम्म समाज समुन्नत र सम्पन्न बन्न सक्दैन भन्ने विचार यस कवितामा प्रकट भएको छ । नेपाली समाजमा पुरुष बैगुनी भएर नै आज समाज तथा देश विकास हुन नसकेको धारणा प्रकट भएको छ। जीवनसाथीका रूपमा विवाह गरिने संस्कृतिभन्दा भोग्याका रूपमा नारीलाई हेर्ने भएकाले कन्या दानमा लिइन्छ र घुम्टोले छोपेर लावालश्कर दाइजोका साथमा घरमा भित्र्याइन्छ । यिनै विविध खाले विभेदका कारण नेपाली समाज पछाडि परेको हो र अव यी सबै प्रकारका विभेदको अन्त्य गरी समानतामूलक समाज निर्माण गर्नुपर्छ भन्ने विचार यहाँ प्रकट भएको छ ।

### लैङ्गिक हिंसा र आपराधीकरण

प्रस्तुत 'मानुषी' कवितामा नेपालमा लैङ्गिक हिंसा व्यापक रहेको विचार प्रकट भएको छ । नेपाली समाजमा नारीको कुनै अस्तित्व नभएको तथा हरेक क्षेत्रमा पुरुषको वर्चस्व कायम रहेको तथ्य प्रकट भएको छ । यहाँ महिलाहरूले हरेक प्रकारका शोषण, उत्पीडन खेपेर बाँच्नुपरेको यथार्थ उजागर भएको छ । नारीले सामूहिक बलात्कारको सिकार हुनुपर्ने, बलात्कारीको संरक्षण हुने तर अन्यायमा परेका बलात्कृत नारीले नै कलंकको टीका लगाएर बाँच्नुपर्ने, बेचिनुपर्ने जस्ता सामाजिक हिंसा र विवाहका नाउँमा जवरजस्ती कन्यादानमा जानुपर्ने, जिउँदै लोग्नेको चित्तामा जल्नुपर्नेजस्ता अपराधिक घटनाप्रकट भएका छन् । यहाँ महिला पुरुषबाट जताततै असुरक्षित छन, जतिबेला जोबाट पनि बेचिन सक्छन, बलात्कृत हुन सक्छन् भन्ने अपराधी क्रियाकलाप यसरी प्रस्तुत भएका छन् :

*तिमीलाई स्वास्नीमान्छेले बलात्कार गऱ्यो ?*
*तिमीलाई स्वास्नीमान्छेले कलंकको टीका लगाइदियो ?*
*तिमीलाई स्वास्नीमान्छेले कतै बेच्यो ?*
*तिमी निरुत्तर छौ यस प्रश्नको अघि (पृ. १२८)*

पुरुषप्रधान नेपाली समाजमा महिला हिंसा, दमन, शोषणजस्ता क्रियाकलापबाट महिला पीडित भएको विचार उल्लेख भएको (भट्राई, २०७८, पृ. २९०) छ। नेपाली समाजमा छोरा र छोरीका बिचमा भेदभाव छ अर्थात् स्वास्नीमान्छेले अनेक प्रकारका शोषण, दमन र उत्पीडनबाट आँसु चुहाएर बस्नुपरेको छ भन्ने भनाइमा लैङ्गिक हिंसा छ भन्ने प्रष्ट हुन्छ । लैङ्गिक हिंसा र लैङ्गिक आपराधीकरण नेपाली समाजमा व्याप्त छ भन्ने कुरा कविताभर देखिन्छ । महिलाले बलात्कारको पीडा सहनुपर्ने, महिलाहरूले नै आफ्नो इज्जत जोगाएर राख्न नसकेको भनी कलंक टीका सहेर बाँच्नुपर्ने, महिलालाई घरपरिवार, लोग्नेसमेतले बेच्ने जस्ता अपराधी घटना यत्रतत्र सर्वत्र पाइन्छ । महिला घरबाहिर हिँड्न, परपुरुषसँग बोल्न, पढ्न, लेख्न नपाउने र केवल पुरुषको भोग्या भएर बाँच्न विवश छन् भन्ने भाव कवितामा प्रकट भएको छ। 'छोरीको जन्म हारेको कर्म'जस्ता भनाइ समाजमा पाइनुले पनि समाजमा हिंसा र आपराधीकरण तीव्र रूपमा छ भन्न सकिन्छ। समाजमा महिलाको जन्म केवल अर्काको घरमा दासीका रूपमा, खुट्टाका जुत्ताका रूपमा बाँच्नुपर्ने अवस्था देखाउँदै पुरुषलाई अब निर्दयी नबन्न आह्वान गरिएको हो । तसर्थ अब एक-अर्कोको हात समाउँदै अगाडि बढ्नुपर्छ भन्ने यो कविताभर लैङ्गिक हिंसा र आपराधीकरणको अवस्था देखाउँदै अब समानतामूलक समाज निर्माण गर्नुपर्छ भन्ने कुरामा जोड दिइएको छ ।

### लैङ्गिक संचेतना

लैङ्गिक संचेतना मानुषी कविताको प्रमुख विषय हो । स्वच्छ र सम्वृद्ध समाज निर्माणका लागि आर्थिक, सामाजिक र लैङ्गिक समानता हुनुपर्ने मार्क्सवादी दृष्टिकोण कविताभर व्यक्त भएको देखिन्छ । सभ्यताको आदिकालमा शासक महिलाले

पुरुषलाई मायाममता दिएर सभ्य बनाएको र अगाडि बढाएको उदाहरण दिँदै 'म' पात्रले अब पुरुषले महिलालाई आफू पुगेको ठाउँसम्म पुऱ्याउनुपर्ने उद्घोष गरेकी छन् । यस भनाइमा लैङ्गिक संचेतना प्रकट भएको छ । शक्तिशाली महिला समयक्रममा उत्पीडित र शोषित हुन पुगेकाले अब पुरुषले हात समाइ अगाडि बढाउनुपर्ने भावमा लैङ्गिक संचेतना प्रकट भएको छ । 'म' लैङ्गिक समानता हुनुपर्छ भन्ने सचेत पात्र हो । आम नेपाली  महिला शोषित, पीडित र लैङ्गिक हिंसाबाट ग्रसित रहेको भाव प्रकट भएको छ । समाजमा महिलालाई अनेक प्रपञ्च रचेर शोषण, बलात्कार गरेको हुनाले महिला स्वयम् सचेत भएको र पुरुषले पनि त्यसमा साथ दिनुपर्ने मार्क्सवादी विचार प्रकट भएको छ :

आऊ आज हामी उत्पीडनहरू साटासाट गरौँ

*हामी मानसिकताले एकाकार हौँ,*
*म तिम्रो हात दह्रोसँग समाउँछु*
*तिमी मलाई तिमी पुगेको ठाउँसम्म पुऱ्याऊ*
*त्यहाँ, जहाँ तिमीलाई मैले*
*सभ्यताको आदिकालमा पुऱ्याइसकेकी थिएँ (पृ.१२८) ।*

पुरुषले महिलालाई नबुझेको र मान्छेका रूपमा नहेरेको आरोप लगाइएको छ । नारीले पुरुषलाई मानसम्मान दिएर अगाडि बढाई उल्टै नारी पछाडि परी । नारी जहिले पनि सहअस्तित्वको खोजी गर्दछे तर नर बैगुनी बनेर अवसर आयो कि एक्लै अघि बढ्छ भन्ने देखाउँदै सँगै अगाडि बढ्न भनिएको छ ।

**चरित्रहरूको लिङ्गीय आधार र चरित्र चित्रण**

प्रस्तुत 'मानुषी' कवितामा प्रत्यक्ष पात्रको उपस्थिति पाइँदैन् तापनि 'म' पात्रले आम नेपाली महिला र 'तिमी' पात्रले आम नेपाली पुरुषलाई सम्बोधन गरेको छ । यहाँ महिला र पुरुष दुवै लिङ्गको तथा आम नेपाली जनताको उपस्थिति भएको छ । कवितामा उपस्थित 'म' अर्थात् कविले नेपाली महिलाले भोग्नुपरेका तमाम समस्याको उजागर गरेकी छन् र पुरुषलाई आदि कालको इतिहास सम्झाउँदै कठोर नबन्न, निर्दयी नबन्न र बैगुनी नबन्न आह्वान गरेकी छन् । यहाँ नेपालका सम्पूर्ण पुरुष शोषक, बलात्कारी र अत्याचारी हुन पुगेको उदाहरण दिँदै अब त्यसो नगरी नारीलाई साथ र सहयोग गरी अगाडि बढाउनुपर्ने विचार प्रस्तुत भएको छ । यहाँका सबै महिला धार्मिक, सामाजिक, सांस्कृतिक आधारमा शोषित र सबै पुरुष शोसकका रूपमा देखिएका छन् । नेपाली समाजमा छोरा र छोरीमा विभेद रहेको र छोरीमाथि सामाजिक, सांस्कृतिक, लैङ्गिक विभेद रहेको विचार प्रकट भएको छ । लैङ्गिक समानताबिना समाजरूपी रथ चल्न नसक्ने 'म' को विचार रहेको छ । यहाँ महिला र पुरुषको चरित्रचित्रण गरिएको छ :

**तिमी** (**पुरुष चरित्र**)

आमलोग्ने मानिस यस कविताका शोषक, सामन्त र बलात्कारीका रूपमा प्रस्तुत भएका छन् । हिजोका कमजोर तथा आजका सत्ताधारी पुरुषले महिलामाथि विविध प्रकारका शोषण अन्याय र अत्याचार गरेका छन् । नारीहरूलाई अनेक बहानामा आफ्ना भोग्या वस्तु बनाएका छन् । सांस्कृतिक रूपमा विवाहका नाउँमा दाइजोको लावा-लश्करसहित घुम्टो ओढाएर घरमा भित्र्याउँछन् । श्रीमती मन नपरे अर्की भित्र्याउँछन् । नेपाली समाजमा कन्यादानलाई महान् दान भनी स्थापित गरिएको छ । स्वर्ग जान पाइने विश्वासमा धार्मिक र सांस्कृतिक रूपमा नाबालिकाको दान गरिन्छ । छोरोलाई स्वर्गको द्वार खोल्ने भनी विशेष महत्व दिइन्छ । नेपालमा मर्दका कति कतिभन्दै केटालाई जति पनि विवाह गर्ने कानुनी रूपमै छुट दिइएको थियो । आर्थिक अधिकार पनि छोरालाई मात्रै थियो । सामाजिक रूपमा पनि लोग्नेमान्छेको विशिष्ट स्थान छ । उनीहरू जहाँ जान जे गर्न पनि स्वतन्त्र छन् । समाजले उनीहरूको कुरा काट्दैन् । जतिसुकै अपराधी र पीडक भए पनि समाजमा शानकासाथ हिँड्न केटालाई केहीले छेक्दैन । यसरी कानुनी, धार्मिक, सांस्कृतिक, सामाजिक आदि सबै रूपमा पुरुष सर्वश्रेष्ठ मानिन्छन् । महिलाप्रति पुरुषको दृष्टिकोण विभेदकारी रहेको पुष्टि गरिएको छ । पुरुषले

महिलालाई सहयात्रीका रूपमा नभई दासका रूपमा लिने गरेको तथ्य यहाँ प्रकट भएको छ । नारीले स्वतन्त्र मान्छेका रूपमा नभएर स्वास्नीमान्छेका रूपमा बाँच्नु परेको छ तर पुरुष स्वतन्त्र मान्छेका रूपमा रहेर स्त्रीलाई आफ्नी भोग्यकाका रूपमा, सेवकका रूपमा र दासीका रूपमा हेर्ने प्रवृत्ति यहाँ प्रकट भएको छ ।

**म (नारी चरित्र)**

नारीहरू सामाजिक, आर्थिक, सांस्कृतिक, लैङ्गिक आदि सबै दृष्टिले शोषित, पीडित छन् । नारीहरू अपहेलित छन् । नारीमाथि सबै प्रकारका भेदभाव विद्यमान छ । सृष्टिको प्रारम्भमा नारीहरू सशक्त र अधिकार सम्पन्न थिए । उनीहरूले नै पुरुषलाई माया दिएर सभ्यता सिकाउँदै अगाडि ल्याएका हुन् भन्ने विचार यहाँ प्रकट भएको छ । पुरुषले बैगुनी भएर नारीलाई पछाडि छोड्दै आफू मात्र अगाडि बढेको आरोप म पात्रले लगाएकी छन् । म पात्रका विचारमा छोराछोरी प्राकृतिक रूपमा समान छन् । विभेदकारी पुरुष सत्ताले छोरीमाथि अन्याय गरेर छोरीलाई पछाडि पारेको हो भन्ने विचार यहाँ प्रकट भएको छ । यहाँ छोरी बेचिएर, अपहेलित भएर बलात्कृत भएर कलंकको टीका लगाएर बाँच्नु परेको उल्लेख गर्ने म पात्रको नारी र पुरुष हरेक कुरामा बराबर हुन र हुनुपर्दछ भन्ने विचार प्रकट गर्ने प्रगतिवादी चिन्तन प्रकट भएको छ । लैङ्गिक आधारमा समानतामूलक समाज निर्माण गर्नुपर्छ भन्ने ‘म’ पात्र मार्क्सवादी विचारधाराबाट निर्देशित भएको देखिन्छ । अब महिला पुरुषको हात समाइ पुरुष पुगेको स्थानसम्म पुग्नुपर्छ र पुरुषले सह-यात्रीका रूपमा आफू पुगेका ठाउँसम्म महिलाई पुऱ्याउनुपर्छ भन्ने म पात्रको भनाइमा मार्क्सले परिकल्पना गरेको समानतामूलक समान निर्माणको उद्देश्य प्रकछ गर्ने म पात्र प्रगतिवादी र परिवर्तनकामी रूपमा प्रस्तुत भएकी छन् ।

पुरुषप्रति महिलाको दृष्टिकोण सहयात्री हुनुपर्नेमा त्यसो नभएर शोषक, शाषक, सामन्त र पीडकका रूपमा रहेकोप्रति आलोचना गरिएको छ । महिलालाई आमा, दिदी, बहिनी र छोरी केही नभनी बलात्कार गर्ने, जिउँदै लोग्नेको चित्तामा चढाएर जलाउने पुरुष प्रवृत्तिको आलोचना गरिएको छ । विवाहलाई जीवनसाथीका रूपमा हेर्नेभन्दा सेवकका रूपमा र आफ्ना सन्तान जन्माउने मेशिनका रूपमा घरमा भित्र्याउने र अपहेलना गर्नेजस्ता अत्याचारी भूमिकामा पुरुषको चित्रण गरिएको छ । महिलालाई मान्छेका रूपमा नहेरी आफ्नो सेवा गर्ने भोग्या र दासीका दृष्टिले व्यवहार गर्ने पुरुषलाई बैगुनी, निर्दयी, छली र कपटी भनिएको छ । महिलालाई रुवाउँदै रुवाउँदै घुम्टोले छोपेर घरमा भित्र्याउने पुरुष सामन्तका रूपमा देखिएका छन् । आज कोसौं अगाडि पुगेका पुरुष महिलालाई पछाडि छोडेर एक्लै अगाडि बढेका स्वार्थी देखिएका छन् । नारीलाई होच्याउने, हिचाउने, नारीलाई शोषण गर्ने, नारीलाई सेवक बनाउने जाली प्रपञ्च कुराको सृजना गरी नारीको शोषकका रूपमा चित्रण भएका छन् । नारीलाई वस्तुसरह दानमा लिने र मन नपरे तुरुन्त छाड्ने स्वतन्त्रता पाएको पुरुष बैगुनी हो भनिएको छ ।

**लिङ्गीय दृष्टिकोण र लिङ्ग सम्बन्धी लेखकीय दृष्टिकोण**

प्रस्तुत मानुषी कवितामा प्राकृतिक दृष्टिबाट महिला र पुरुष समान हुन् । पुरुषले गर्ने हरेक काम महिलाले गर्न सक्छन् । त्यसैले महिला र पुरुष बराबरीको भूमिकामा बाँच्न पाउनुपर्छ भन्ने विचार पुष्टि गर्नका लागि नेपाली समाजमा महिला सामाजिक रूपमा विभेदकारी र आथिक रूपमा महिलाहरू शोषित, पीडित र दासीका अवस्थामा बाँचेका छन् भन्ने सन्दर्भबाट प्रकट भएको छ ।

प्रस्तुत कविता रचना भएको र त्यसभन्दा अगाडिको समय छोरीचेलीका लागि निर्दयी थियो । नेपालीका छोरीहरूको बाल विवाह गर्ने प्रचलन थियो । धर्मका नाउँमा सात-आठ वर्षका नानीहरू सत्तरी वर्षका बुढोलाई कन्यादान दिने संस्कृति कायमै थियो । धर्म, संस्कृति, नियम, कानुन र समाज सबै छोरीलाई दासी बनाउने खालका रहेको कविको विचार यहाँ प्रकट भएको छ । कवि पारिजातले छोरीहरू कोसौं पछाडि छाडिएका र पुरुषहरू धेरै अगाडि पुगेका छन् भनेकी छन् । तत्कालीन नेपाली समाजमा छोरीलाई पढ्ने, लेख्ने, स्वतन्त्र भई हिँड्डुल गर्न नदिने अवस्था थियो । महिलाहरू त केवल पुरुषका लागि सेवक भएर बाँच्नुपर्ने परिस्थिति थियो । यस कवितामा लेखक पारिजातको विचारमा छोरा र छोरी दुवै समान हुन् र समान हुनुपर्छ र एक-अर्कोको हात समाई सँगसँगै हिँड्न सक्षम नभएसम्म समाज, देश समुन्नत हुन सक्दैन

भन्ने सकारात्मक लैङ्गिक चिन्तन प्रस्तुत भएको छ । कविको लैङ्गिक दृष्टिकोण त्यसै अनुरूप प्रतिबिम्बित भएको छ । यस कविताको शीर्षक पनि महिलाहरू शोषित, पीडित र कमजोर छन् भनी देखाउने मानुषी राखिएको छ । मार्क्सवादी दर्शनमा विश्वास राख्ने प्रगतिवादी कवि पारिजातले मार्क्सवादी सिद्धान्तअनुरूप समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, लैङ्गिक, जातीय कुनै पनि आधारमा विभेद, शोषण हुनुहुँदैन र समानतामूलक समाज निर्माण हुनुपर्छ भन्ने मान्यता प्रकट गरेकी छन् । तसर्थ यही दर्शनअनुरूपको लेखकीय मान्यतामा यो कविता रचना भएको देखिन्छ । नेपाली समाजमा व्याप्त लैङ्गिक शोषणको अन्त्यका लागि लेखकले प्रस्तुत कविता रचना गरेको देखिन्छ ।

यस कवितामा पुरुषप्रधान नेपाली समाजमा नारी जातीप्रति अन्याय, अत्यचार, भेदभाव तीव्र रूपमा रहेको यथार्थ अवस्थाको प्रकटीकरण भएको छ । कविका मतमा नर र नारी समाजरूपी रथका दुई पाङ्ग्रा हुन् र यी समानरूपमा काँधमा काँध मिलाउँदै एकसाथ अगाडि बढ्नुपर्छ । पुरुष मात्र एक्लै गएर अथवा नारीमात्र अगाडि गएर केही हुँदैन भन्ने लेखकीय मान्यता प्रस्तुत भएको छ । त्यसैले नारीलाई हात समाउँदै आफू पुगेको ठाउँसम्म लैजानुपर्ने लेखकको विचारमा समान हैसियतमा पुऱ्याउनुपर्छ भन्ने मान्यता स्थापित गराएकी छन् । कवि स्वयम् नारी भएकाले र नारीले भोग्नुपरेका तमाम विभेदको सिकार हुनु परेकाले नारीप्रति अत्यन्तै अग्रगामी र रूपान्तरणकारी दृष्टिकोण प्रस्तुत गरेकी छन् । प्रस्तुत कवितामा नारीलाई अत्यन्तै उच्च महत्त्व दिएर कविता रचना गरेको देखिन्छ । कविको लैङ्गिक दृष्टिकोण उच्च प्रकारको देखिन्छ । प्रस्तुत कवितामा नर र नारी एकअर्काका परिपुरक हुन् र एकको अभावमा अर्कोको कुनै अस्तित्व छैन् । त्यसैले नरनारी समान हुन् र समान हुनुपर्छ भन्ने लेखकीय दृष्टिकोण उच्चकोटिको रहेको छ ।

## निष्कर्ष

'मानुषी' कविता प्रगतिवादी कवि पारिजातद्वारा रचना भएको लघु आयामको कृति हो । प्रस्तुत कविता लैङ्गिक समानता हुनुपर्छ भन्ने मान्यतामा संरचित भएको छ । यस कवितामा लोग्ने मानिसका रूपमा 'तिमी' र स्वास्नी मानिसका रूपमा 'म' मुख्यत दुई पात्र आएका छन् तापनि यी दुई पात्रले आम नेपाली महिला र पुरुषको प्रतिनिधित्व गरेका छन् । यहाँ इतिहासको कालखण्डमा आदिम साम्यवादी युगमा महिला अधिकार सम्पन्न रहेका र महिलाको माया र सद्भावले पुरुष शक्तिशाली बन्न पुगेको तर्क प्रस्तुत गरिएको छ । मानव समाजमा नारी शोषित, पीडित र अपहेलित हुन पुगेको विश्वदृष्टिकोण प्रस्तुत गरिएको छ । समाजमा छोरीलाई धर्म, संस्कार, संस्कृति, अधिकार, उचित व्यवहार, नियम अनि सम्पत्तिका दृष्टिले शोषण गरिएको छ । समाज, संस्कृति, धर्म र राज्यव्यवस्थाका कारण नारी र पुरुषका बिचमा विभेद रहेको चित्रण गरिएको छ । यहाँ वर्तमानका नेपाली नारीहरूको अवस्था ज्यादै नै दयनीय, कष्टकर छ भन्ने देखाइएको छ । छोरा र छोरी दुवैले समान सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक अधिकार पाउनुपर्छ भन्ने मान्यता पुष्टि गर्नका लागि प्रस्तुत कविता रचना गरेको देखिन्छ । लैङ्गिक दृष्टिमा समानतामूलक समाज निर्माण गर्नुपर्ने कविको विचार प्रकट भएको ।

## सन्दर्भ सामग्रीसूची

चापागाई, निनु र सङ्ग्रौला खगेन्द्र (२०५१). (सम्पा.) *पारिजात स्मृति ग्रन्थ.* काठमाडौँ : पारिजात स्मृति केन्द्र ।

चाम्लिङ, पवन (२०७५).*पारिजातका सङ्कलित रचनाहरू* (ग्रन्थ ५). (सम्पा.).काठमाडौँ : फिनिक्स बुक्स ।

चौलागाई र अन्य, तिलकप्रसाद, नानीराम, केशवराज (२०६०), *लैङ्गिक अध्ययन : समाजशास्त्रीय विश्लेषण.* काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

प्रधान, नयना (२०३८)."पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन". स्नातकोत्तर अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर ।

चामलिङ, पवन (२०७५). (सम्पा.). *पारिजात सङ्कलित रचनाहरू* (ग्रन्थ पाँच). काठमाडौँ : फिनिक्स बुक्स ।

त्रिपाठी, सुधा (२०७०).*नेपाली नारीवादी समालोचना.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद (२०७८).*आधुनिक नेपाली उपन्यासको सांस्कृतिक -वर्गीय, लैङ्गिक, जातीय विश्लेषण.* (दो.सं). काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७८).*सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* (दो.सं.).काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लुइटेल, कल्पना (२०७८). *श्यामप्रसाद शर्माको बहिनीलाई चिठी निबन्धको लैङ्गिक अध्ययन ।*

शर्मा, सुकुम (२०६२).*पारिजातका कविताको अध्ययन.* काठमाडौँ : सनलाइट पब्लिकेसन ।